# आर्थिक वर्ष 2021; जापानमा बसोबास गर्ने विदेशी नागरिकमा गरिएको आधारभूत सर्वेक्षण - सर्वेक्षणको रूपरेखा -

ISA Immigration Services Agency 出入国在留管理庁

## सर्वेक्षणका उद्देश्यहरू

■ जापानमा बसोबास गर्ने विदेशी नागरिकको अवस्था तथा उनीहरूले पेसागत जीवनयापनमा, दैनिक जीवनयापनमा, सामाजिक जीवनयापनमा सामना गर्ने समस्याहरूलाई सही रूपमा बुझेर, विदेशी नागरिकको सह-अस्तित्व नीतिको योजना र मस्यौदामा योगदान पुर्याउने उद्देश्यले सर्वेक्षण गरिएको।

■ आर्थिक वर्ष 2020 लाई निरन्तरता दिएर दोस्रो पटक सर्वेक्षण।

■ अझै अर्थपूर्ण सर्वेक्षण हुने गरी, "आर्थिक वर्ष 2021मा जापानमा बसोबास गर्ने विदेशी नागरिकमा गरिएको आधारभूत सर्वेक्षण सम्बन्धी विशेषज्ञहरूको बैठक" आयोजना गरेर, सर्वेक्षण गर्ने शीर्षक निर्धारण या सर्वेक्षण परिणामहरू समेट्ने आदि बारे, विदेशी नागरिकको सह-अस्तित्व नीतिसँग परिचित विशेषज्ञहरूको विशेषज्ञता, उच्च अन्तरदृष्टि, फराकिलो दृष्टिकोणलाई समावेश गरिएको छ।

--» सर्वेक्षण परिणामलाई आधार मानेर विदेशी नागरिक सम्बन्धी सह-अस्तित्व नीतिको योजना बनाउने, मस्यौदा बनाउने, कार्यान्वयन गर्ने गरेर, **"विदेशी नागरिकको सह-अस्तित्व रहेको समाज हासिल गर्न लक्षित रोड-म्याप"** एवम् **"विदेशी मानव संसाधन भित्र्याएर / सह-अस्तित्व कायम गर्ने वृहत् उपायहरू"** लगाई, समस्त प्रशासनले विदेशी नागरिकसँगको सह-अस्तित्व अनुभूति गराउँदै लैजाने।

## सर्वेक्षणको रूपरेखा

| | |
|---|---|
| सर्वेक्षणको दायरा | ■ 18 वर्ष वा सोभन्दा बढि उमेरका मध्यम तथा दीर्घकालीन बसोबासी एवम् स्पेशल पर्मानेन्ट रेसिडेन्टहरू गरी जम्मा 40,000 जना<br>＊ सन् 2022 जनवरी 17 तारिख सम्ममा, पछिल्लो जापान अवतरण अनुमति पाएको मिति देखि 1 वर्ष वा सो भन्दा बढि समय बिताइ सकेका मानिसहरूमा सीमित।<br>＊ जापानमा बसोबास गर्ने विदेशी नागरिकको तथ्याङ्क (सन् 2021 जुन मसान्त)को आधारमा निर्धारण गरिएको राष्ट्रियता र क्षेत्र तथा बसोबासको स्थिति आधारित नमुनाहरूको आधारमा उत्तरदाताहरू नछानीकन चयन गरिएको। |
| वैध उत्तर सङ्ख्याहरू | ■ वितरित सङ्ख्या: 40,000 (जसमध्ये आइनपुगेको सङ्ख्या: 1,572) ■ वैध उत्तर सङ्ख्या: 7,982 / उत्तर दर 20.8% |
| सर्वेक्षण विधि | ■ वेब सर्वेक्षण (लक्षित व्यक्तिलाई QR कोड सहितको सहयोग अनुरोध पत्र हुलाकबाट पठाई, सम्बन्धित कोड प्रयोग गरेर इन्टरनेटमा प्रश्नावलीको उत्तर दिन लगाइने ढाँचा)<br>■ उत्तर दिने स्क्रिन, 8 वटा भाषाहरू (फुरिगान सहितको जापानी भाषा, अङ्ग्रेजी भाषा, चिनियाँ भाषा, कोरियन भाषा, पोर्चुगीज भाषा, भियतनामी भाषा, फिलिपिनी भाषा, नेपाली भाषा)मा उपलब्ध छ। |
| सर्वेक्षण शीर्षक | ■ जापानमा बसोबास गर्ने विदेशी नागरिकको पेसागत जीवन, दैनिक जीवन तथा सामाजिक जीवनमा सामना गर्न पर्ने निम्न शीर्षक सम्बन्धी प्रश्नहरूको सर्वेक्षण।<br>जापानी भाषा अध्ययन गर्ने, जानकारी / परामर्श सेवा प्राप्त गर्ने, चिकित्सा, विपद् / आकस्मिक अवस्थाका सेवा प्राप्त गर्ने (नोबेल कोरोना भाइरस सङ्क्रामक रोग सम्बन्धी), आवास, बालबालिका हुर्काउने / शिक्षा, काम, सामाजिक बिमा आदि<br>■ पुनश्च, जापानमा बसोबास गर्ने विदेशी नागरिकको एक्लोपनको वास्तविक अवस्था बुझ्ने उद्देश्यले "सन् 2021को मानिसहरूको सम्बन्ध सम्बन्धी आधारभूत सर्वेक्षण (मन्त्रीपरिषद् सचिवालय)"(सर्वेक्षण लक्ष्य: राष्ट्र व्यापी रूपमा 16 वर्ष वा सोभन्दा बढि उमेरका व्यक्तिहरू: 20,000 जना) सँग एउटै प्रश्नहरू गरिएको थियो। |
| सर्वेक्षण अवधि | ■ सन् 2022 फेब्रुअरी 18 तारिख देखि सोही सालको मार्च 3 तारिख सम्म |
| विचार गर्न पर्ने बुँदाहरू | ■ यस सर्वेक्षणको परिणाम, प्रश्नावलीबाट प्राप्त उत्तरलाई जस्ताकोतस्तै सङ्कलन / पोस्ट गरिएको हो र केही परिणामहरूमा उत्तरको सङ्ख्या सीमित रहेको कारणले, त्यसलाई बुझ्न विचार गर्न आवश्यक हुन्छ। |

# आर्थिक वर्ष 2021; जापानमा बसोबास गर्ने विदेशी नागरिकमा गरिएको आधारभूत सर्वेक्षण - मुख्य परिणाम ① (उत्तरदाताको वर्ग / समग्र जीवनयापनको वातावरणको सन्तुष्टि)


ISA Immigration Services Agency 出入国在留管理庁


- उत्तरदाताको राष्ट्रियता / क्षेत्र, "चीन"(28.8%), "भियतनाम"(16.4%), "ब्राजील"(11.5%) को क्रममा धेरै छ।
- उत्तरदाताको भिसा, "पर्मानेन्ट रेसिडेन्ट"(29.0%), "इन्जिनियर / मानविकी विशेषज्ञ / अन्तर्राष्ट्रिय कार्य"(14.4%), "प्राविधिक प्रशिक्षार्थी"(12.1%) को क्रममा धेरै छ।
- जापानको जीवनयापनमा सन्तुष्ट मानिसहरू ("सन्तुष्टि छ" + "केही हदसम्म सन्तुष्टि छ") चाहिँ 87.8% (आर्थिक वर्ष 2020को सर्वेक्षणको तुलनामा 4.2 पोइन्ट बढेको)।

साथै, जापानी भाषा प्रवीणता जति उच्च भयो त्यति नै त्यसको अनुपात ठूलो हुने प्रवृत्ति हुन्छ।


## उत्तरदाताको वर्ग


### राष्ट्रियता / क्षेत्र








### भिसा





## समग्र जीवनयापनको वातावरणको सन्तुष्टि दर




### जापानी भाषा प्रवीणता अनुसार (बोल्ने / सुन्ने)




# आर्थिक वर्ष 2021; जापानमा बसोबास गर्ने विदेशी नागरिकमा गरिएको आधारभूत सर्वेक्षण - मुख्य परिणाम ② (जापानी भाषा अध्ययन / जीवनयापन अभिमुखीकरण) -

ISA Immigration Services Agency 出入国在留管理庁

- जापानी भाषा अध्ययन सम्बन्धी अप्ठ्याराहरू “जापानी भाषा कक्षा / भाषा विद्यालय आदि पढ्ने / कोर्स शुल्क महँगो छ” भन्ने (15.0%) सबैभन्दा धेरै हो (आर्थिक वर्ष 2020को सर्वेक्षणको तुलनामा 8.3 पोइन्ट कम)।
  जापानी भाषा प्रवीणता उच्च स्तरको नहुने व्यक्तिहरू (“लगभग जापानी भाषामा कुराकानी गर्न नसक्ने” / "आधारभूत अभिवादन जस्ता कुराकानी गर्न सक्ने) लाई मात्र सीमित गर्ने हो भने, "जापानी भाषा अध्ययन नगरेको” भन्नेहरू सबैभन्दा धेरै, "नि:शुल्क जापानी भाषा कक्षा नजिकै नभएको “ भन्नेहरूको अनुपात पनि समस्तको तुलनामा धेरै।
- जापानमा जीवनयापन गर्दा आवश्यक पर्ने जानकारी सम्बन्धी अभिमुखीकरण (जीवनयापन अभिमुखीकरण) "प्राप्त गरेको छ” चाहिँ समस्तको 35.6%।
- जापानको जीवनयापनमा अप्ठ्यारो नहोस् भनेर जानी राख्दा राम्रो हुने जानकारीहरूमा, "कर” (57.1%), "पेन्सन / कर्मचारी बिमा” (56.9%), "चिकित्सा / समाज कल्याण” (54.5%) को क्रममा धेरै।

## जापानी भाषा अध्ययन सम्बन्धी अप्ठ्याराहरू





*आर्थिक वर्ष 2020को सर्वेक्षणको डेटा नभएको विषय, आर्थिक वर्ष 2021को सर्वेक्षणमा नयाँ थप गरिएको शीर्षक

### जापानी भाषा प्रवीणताको आधार (निकालिएको)


| | लगभग जापानी भाषामा कुराकानी गर्न नसक्ने (n＝256) | आधारभूत अभिवादन जस्ता कुराकानी गर्न सक्ने (n＝1,157) |
|---|---|---|
| प्रथम | नि:शुल्क जापानी भाषा कक्षा नजिकै नभएको (16.0%) | नि:शुल्क जापानी भाषा कक्षा नजिकै नभएको (18.2%) |
| द्वितीय | आफूलाई पायक पर्ने समयमा प्रयोग गर्न सकिने जापानी भाषा कक्षा / भाषा विद्यालय आदि नभएको (15.2%) | आफूलाई पायक पर्ने समयमा प्रयोग गर्न सकिने जापानी भाषा कक्षा / भाषा विद्यालय आदि नभएको (16.9%) |
| (रिफरेन्स) | जापानी भाषा अध्ययन नगरेको (36.3%) | जापानी भाषा अध्ययन नगरेको (23.2%) |

## जीवनयापन अभिमुखीकरण

### कक्षा लिएको इतिहास भए वा नभएको




### जापानको जीवनयापनमा अप्ठ्यारो नहोस् भनेर जानी राख्दा राम्रो हुने जानकारी *उपल्लो 5 शीर्षकहरू



- जानकारी प्राप्त गर्दा या परामर्श गर्ने बेलामा प्रयोग गरिने सञ्चारका माध्यम (इन्टरनेट सम्बन्धित) चाहिँ, "सशुल्क इन्टरनेट वातावरण (आफैँले इन्टरनेट प्रदायकसँग सम्झौता)" 88.6% भएर सबैभन्दा धेरै छ, "नि:शुल्क इन्टरनेट वातावरण (सार्वजनिक सुविधा स्थलको Wi-Fi आदि)" मात्र पनि 5.7% छ।
- सार्वजनिक संस्थाहरूले प्रसारण गर्ने जानकारी प्राप्ती स्रोतमा, "जापानी भाषाको टेलिभिजन / रेडियो / अखबार / पत्रिका" (47.9%) सबैभन्दा धेरै हो।
- सार्वजनिक संस्थाहरूले प्रसारण गर्ने जानकारी प्राप्ति सम्बन्धी अप्ठ्याराहरूमा, "बहुभाषिक रूपमा जानकारी प्रसारण कम" (34.1%) सबैभन्दा धेरै (आर्थिक वर्ष 2020को सर्वेक्षणको तुलनामा 0.3 पोइन्ट बढि)।
- सार्वजनिक संस्थाबाट परामर्श लिने बेलाको अप्ठ्याराहरूमा, "कहाँ परामर्श गर्दा ठीक हुन्छ थाहा थिएन" (31.5%) सबैभन्दा धेरै हो। सोही उत्तर,"प्राविधिक प्रशिक्षार्थी" या "प्रवासी विद्यार्थी" मा 40% भन्दा बढि छ।


## जानकारी प्राप्ती

### जानकारी प्राप्त गर्दा या परामर्श गर्ने बेलाको सञ्चार माध्यम (इन्टरनेट सम्बन्धी)


| | सशुल्क इन्टरनेट वातावरण (आफैँले इन्टरनेट प्रदायकसँग सम्झौता) | नि:शुल्क इन्टरनेट वातावरण (सार्वजनिक सुविधा स्थलको Wi-Fi आदि) | सशुल्क इन्टरनेट वातावरण (इन्टरनेट क्याफे आदि) | अन्य | प्रयोग नगरेको |
|---|---|---|---|---|---|
| n＝7,982 | 88.6% | 12.0% (नोट) | 3.3% | 1.0% | 3.5% |

(नोट) "नि:शुल्क इन्टरनेट वातावरण" बाहेकको इन्टरनेट वातावरण नहुने व्यक्तिहरू 5.7%


### सार्वजनिक संस्थाले प्रसारण गर्ने जानकारी प्राप्ती स्रोत *उपल्लो 7 शीर्षकहरू




### सार्वजनिक संस्थाले प्रसारण गर्ने जानकारी प्राप्त गर्दाका अप्ठ्याराहरू




## सार्वजनिक संस्थामा परामर्श गर्ने बेलाको अप्ठ्याराहरू





### भिसाको आधार (निकालिएको)

| | प्राविधिक प्रशिक्षार्थी（n＝965） (अघिल्लो वर्षको सर्वेक्षण ＋2.3pt) | प्रवासी विद्यार्थी（n＝848） (अघिल्लो वर्षको सर्वेक्षण ＋4.6pt) |
|---|---|---|
| 1位 | कहाँ परामर्श गर्दा ठीक हुन्छ थाहा थिएन (40.5%) | कहाँ परामर्श गर्दा ठीक हुन्छ थाहा थिएन (40.9%) |
| 2位 | परामर्श गर्नको लागि काम या विद्यालय आदि बिदा नबसी हुँदैन थियो (20.0%) | परामर्श गर्नको लागि काम या विद्यालय आदि बिदा नबसी हुँदैन थियो (27.5%) |
| 3位 | दोभासे राखिएको थिएन अथवा थोरै थियो (19.7%) | दोभासे राखिएको थिएन अथवा थोरै थियो(21.9%) |


# आर्थिक वर्ष 2021; जापानमा बसोबास गर्ने विदेशी नागरिकमा गरिएको आधारभूत सर्वेक्षण - मुख्य परिणाम ④ (लाइफ-स्टेज / लाइफ-साइकल①) -

- गर्भधारण / प्रसूति सम्बन्धी अप्ठ्याराहरूमा, "गर्भधारण / प्रसूतिमा लाग्ने खर्च महँगो छ" (7.5%) सबैभन्दा धेरै हो।
- बालबालिका हुर्काउँदाका अप्ठ्याराहरूमा, "बालबालिकाहरूले मातृभाषा / आफ्नो संस्कृतिलाई पूर्ण रूपमा बुझेका छैनन्" भन्ने उत्तर (22.1%) सबैभन्दा धेरै छ।
- बालबालिकाहरूको पढाइको अवस्था हेर्दा, 6 वर्ष देखि 15 वर्ष सम्मका बालबालिकाहरूमा "विद्यालय जाँदैनन्" भन्ने 2.8% छ भने, त्यसको कारण, "जापानमा लामो समय बसोबास गर्ने मनसाय नभएकोले" भन्ने उत्तर (43.1%) सबैभन्दा धेरै। साथै, 16 वर्ष देखि 18 वर्ष सम्मका बालबालिकाहरूमा "विद्यालय जाँदैनन्" भन्ने 6.6% छ र त्यसको कारण、(अन्यलाई छोडेर) "काम गरिरहेकोले" भन्ने उत्तर (18.5%) सबैभन्दा धेरै हो।

## गर्भधारण / प्रसूति सम्बन्धी अप्ठ्याराहरू *उपल्लो 5 शीर्षकहरू





## बालबालिका हुर्काउँदाका अप्ठ्याराहरू *उपल्लो 5 शीर्षकहरू




## बालबालिकाहरूको पढाइको अवस्था


### 6 वर्ष देखि 15 वर्ष उमेरका




*प्राप्त भएको उत्तरको परिणाम जस्ताकोतस्तै सङ्कलन गरिएको हो र विद्यालयमा चेक गरिएको वस्तु होइन

| | | |
|---|---|---|
| **विद्यालय नजाने कारण (n=58)** | पहिलो | जापानमा लामो समय बसोबास गर्ने मनसाय नभएकोले (43.1%) |
| | दोस्रो | जापानी भाषा नबुझ्ने भएकोले (19.0%) |
| | तेस्रो | कक्षामा अन्य विद्यार्थीहरूको दाँजोमा बुझ्न नसक्ने भएकोले (8.6%) |

### 16 वर्ष देखि 18 वर्ष उमेरका




*प्राप्त भएको उत्तरको परिणाम जस्ताकोतस्तै सङ्कलन गरिएको हो र विद्यालयमा चेक गरिएको वस्तु होइन

| | | |
|---|---|---|
| **विद्यालय नजाने कारण (n=27)** | पहिलो | काम गरिरहेकोले (18.5%) |
| | दोस्रो | जापानी भाषा नबुझ्ने भएकोले (14.8%) |
| | तेस्रो | स्वदेश भन्दा जीवनयापन या परम्परा फरक भएकोले (11.1%) |
| | | जापानमा लामो समय बसोबास गर्ने मनसाय नभएकोले (11.1%) |


# आर्थिक वर्ष 2021; जापानमा बसोबास गर्ने विदेशी नागरिकमा गरिएको आधारभूत सर्वेक्षण - मुख्य परिणाम ⑤ (लाइफ-स्टेज / लाइफ-साइकल ②) -

ISA Immigration Services Agency 出入国在留管理庁

■ कामका अप्ठ्याराहरूमा, "तलब कम छ"(35.6%), "नियुक्ति, खटाइने काम, पदोन्नति जस्ता पक्षमा जापानी नागरिकको तुलनामा प्रतिकूल व्यवहार गरिन्छ"(12.6%), "बिदा लिन गाह्रो छ"(11.9%) को क्रममा धेरै हो (आर्थिक वर्ष 2020को सर्वेक्षणको तुलनामा सबै बढेको)।


■ पेन्सन प्रणाली / केयर गिभिङ्ग बिमा प्रणालीका अप्ठ्याराहरूमा, “प्रणालीको विस्तृत विषयवस्तु राम्ररी थाहा छैन” भन्नेहरू 40% भन्दा बढि धेरै। साथै, प्रक्रिया आदि जस्ता परामर्श सम्बन्धी अप्ठ्याराहरू भएका मानिसहरू पनि निश्चित सङ्ख्यामा छन्।

## कामका अप्ठ्याराहरू





## पेन्सन प्रणाली / केयर गिभिङ्ग बिमा प्रणालीका अप्ठ्याराहरू

### पेन्सन प्रणाली




### केयर गिभिङ्ग बिमा प्रणाली



# आर्थिक वर्ष 2021; जापानमा बसोबास गर्ने विदेशी नागरिकमा गरिएको आधारभूत सर्वेक्षण - मुख्य परिणाम ⑥ (लाइफ-स्टेज / लाइफ-साइकल ③) -

ISA Immigration Services Agency 出入国在留管理庁

■ अस्पतालमा चिकित्सा जाँच गर्ने बेलाका अप्ठ्याराहरूमा, "कहाँको अस्पतालमा जाँदा ठीक हुने हो थाहा थिएन" 22.8% को सबै भन्दा धेरै जवाफ दिइएको थियो सबैभन्दा धेरै। "प्रवासी विद्यार्थी" मा सीमित हुने हो भने, सोही अनुपात 40% भन्दा हुनजान्छ।

■ आवास खोज्दा आइपर्ने अप्ठ्याराहरूमा, "घरभाडा या सम्झौता गर्दा लाग्ने पैसा महँगो थियो " (19.2%), "राष्ट्रियता आदि जस्ता कारणले भाडामा बस्न दिन अस्वीकार गरियो" (16.9%), "जमानी बस्ने व्यक्ति भेटिएन" (15.1%) को क्रममा धेरै हो। विशेषतः "प्रवासी विद्यार्थी" या "इन्जिनियर / मानविकी विशेषज्ञ / अन्तर्राष्ट्रिय कार्य" लाई हेर्ने हो भने, सोही शीर्षक जुनपनि समस्त भन्दा 10 पोइन्ट वा सोभन्दा बढिले वृद्धि भएको हो।

■ नोबेल कोरोना भाइरस सङ्क्रामक रोगको प्रभावका अप्ठ्याराहरूमा, "अध्यागमन प्रतिबन्धको कारण स्वदेश फर्कन नसकिने"(36.5%) या "काम, क्लास कम भयो / सकियो"(34.0%) को अनुपात धेरै हो।

## अस्पतालमा चिकित्सा जाँच आदि गर्ने बेलाका अप्ठ्याराहरू

| | समस्त (n＝7,982) | प्रवासी विद्यार्थी (n＝848) | फ्यामिलि-स्टे (n＝504) |
|---|---|---|---|
| पहिलो | कहाँको अस्पताल जाँदा ठीक हुने हो थाहा थिएन (22.8%) | कहाँको अस्पताल जाँदा ठीक हुने हो थाहा थिएन (40.3%) | अस्पतालमा लक्षणहरू सही रूपमा व्यक्त गर्न सकिएन (35.7%) |
| दोस्रो | अस्पतालमा लक्षणहरू सही रूपमा व्यक्त गर्न सकिएन (21.8%) | अस्पतालमा लक्षणहरू सही रूपमा व्यक्त गर्न सकिएन (29.1%) | कहाँको अस्पताल जाँदा ठीक हुने हो थाहा थिएन (33.1%) |
| तेस्रो | अस्पतालको रिसेप्शनमा राम्ररी कुरा गर्न सकिएन (16.1%) | अस्पतालको रिसेप्शनमा राम्ररी कुरा गर्न सकिएन (20.5%) | अस्पतालको रिसेप्शनमा राम्ररी कुरा गर्न सकिएन (26.6%) |

*विशेषतः चलनचल्तीमा रहेको भिसाको परिणामलाई उद्धरण

*रातो अक्षर चाहिँ समस्त भन्दा 10 पोइन्ट वा सोभन्दा बढि भएको शीर्षक

## आवास खोज्दाका अप्ठ्याराहरू

| | समस्त (n＝7,982) | प्रवासी विद्यार्थी (n＝848) | इन्जिनियर / मानविकी विशेषज्ञ / अन्तर्राष्ट्रिय कार्य (n＝1,150) |
|---|---|---|---|
| पहिलो | घरभाडा या सम्झौता गर्दा लाग्ने पैसा महँगो थियो (19.2%) | घरभाडा या सम्झौता गर्दा लाग्ने पैसा महँगो थियो (39.4%) | घरभाडा या सम्झौता गर्दा लाग्ने पैसा महँगो थियो (32.7%) |
| दोस्रो | राष्ट्रियता आदि जस्ता कारणले भाडामा बस्न दिन अस्वीकार गरियो (16.9%) | जमानी बस्ने व्यक्ति नभेटेकोले (32.5%) | राष्ट्रियता आदि जस्ता कारणले भाडामा बस्न दिन अस्वीकार गरियो (32.3%) |
| तेस्रो | जमानी बस्ने व्यक्ति नभेटेकोले (15.1%) | राष्ट्रियता आदि जस्ता कारणले भाडामा बस्न दिन अस्वीकार गरियो (32.1%) | जमानी बस्ने व्यक्ति नभेटेकोले (29.8%) |

*विशेषतः चलनचल्तीमा रहेको भिसाको परिणामलाई उद्धरण

*रातो अक्षर चाहिँ समस्त भन्दा 10 पोइन्ट वा सोभन्दा बढि भएको शीर्षक

## प्रकोपको बेला / नोबेल कोरोना भाइरस सङ्क्रामक रोगको प्रभावका अप्ठ्याराहरू


(n＝7,982)

| | प्रकोपको बेलामा हुने अप्ठ्याराहरू | नोबेल कोरोना भाइरस सङ्क्रामक रोगको प्रभावका अप्ठ्याराहरू | | |
|---|---|---|---|---|
| | | जानकारी प्राप्ती गर्दा | खोप लगाउँदा | जीवनयापनको पक्ष |
| पहिलो | विश्वसनीय जानकारी कहाँबाट प्राप्त गर्दा ठीक हुने हो थाहा थिएन (12.2%) | विश्वसनीय जानकारी कहाँबाट प्राप्त गर्दा ठीक हुने हो थाहा थिएन (18.3%) | प्रशासनिक निकायको वेबसाइट या रिजर्भ गर्ने वेबसाइट पढ्न सकिँदैन (4.5%) | अध्यागमन प्रतिबन्धको कारण स्वदेश फर्कन नसकिने (विदेश जान नसकिने)(36.5%) |
| दोस्रो | सुरक्षित स्थान (आश्रय स्थल) थाहा थिएन (10.5%) | जानकारी प्राप्त गर्नलाई समय लाग्ने (10.1%) | रिजर्भ गर्ने बेलामा स्टाफसँग कुराकानी गर्न नसकिने (3.9%) | काम (आय), क्लास कम भयो / सकियो (34.0%) |
| तेस्रो | चेतावनी / सावधानीको जानकारी आदि जस्ता सुरक्षित स्थानमा आश्रय लिने सम्बन्धी जानकारी, बहु-भाषामा प्रवाह नगरिएकोले बुझ्न सकिएन (10.3%) | बहु-भाषामा प्रवाह नगरिएकोले थाहा छैन (10.0%) | घरमा आइपुगेको निर्देशिका पढ्न सकिँदैन (3.8%) | व्यय बढ्यो (29.9%) |

# आर्थिक वर्ष 2021; जापानमा बसोबास गर्ने विदेशी नागरिकमा गरिएको आधारभूत सर्वेक्षण - मुख्य परिणाम ⑦ (सामाजिक सहभागीता / भेदभाव / अन्य) -


- अहिले सामाजिक सहभागिताको अवस्थामा, "सहभागी हुन चाहन्छु तर, अहिलेसम्म सहभागी भएको छैन" भन्नेहरू सबैभन्दा बढि (39.9%)। त्यसको कारणमा "कस्तो प्रकारको गतिविधिहरू गरिन्छ भन्ने थाहा छैन” भन्नेहरू 60% सबैभन्दा बढि।
- भेदभाव गरिएको अवस्थाहरूमा "घर खोज्ने बेला"(20.6%) चाहिँ, भेदभाव आदि सम्बन्धी चाहनाहरूमा "विदेशी नागरिक र जापानी नागरिक आपसमा जान-पहिचान गर्ने अवसर बढाउने” भन्नेहरू (47.6%) सबैभान्दा धैरै।
- एक्लोपन "प्रायजसो हुन्छ / सधैँ हुन्छ” चाहिँ 6.7% (⇔ सन् 2021को मानिसहरूको सम्बन्ध सम्बन्धी आधारभूत सर्वेक्षण (मन्त्रीपरिषद् सचिवालय) (सर्वेक्षण दायरा: राष्ट्रव्यापी 16 वा सोभन्दा बढि उमेरका व्यक्तिहरू: 20,000 जना)मा 4.5%)। "लगभग जापानी भाषामा कुराकानी गर्न नसक्ने” मा सीमित हुने हो भने 14.8% हुन्छ जसको अनुपात 2 गुणा वा सोभन्दा बढि धैरै हुन्छ।
- सहयोग स्वरूप माग गर्ने कुराहरूमा, "कहाँ परामर्श गर्दा ठीक हुने हो उपयुक्त रूपमा भनि दिने” भन्नेहरू 48.0% सबैभन्दा धैरै हुन्छ।

## अहिलेको सामाजिक सहभागिताको अवस्था





| सहभागी हुन मन लाग्छ तर, सहभागी नभएको कारण (n =3,186) | | |
|---|---|---|
| | पहिलो | कस्तो प्रकारको गतिविधिहरू गरिन्छ भन्ने थाहा छैन (65.6%) |
| | दोस्रो | भाषा बुझ्दैन की भन्ने चिन्ता लाग्छ (43.8%) |
| | तेस्रो | अन्य काम र समयको अभावले सहभागी हुन सकिँदैन (36.2%) |

## एक्लोपनको अवस्था (तपाईं आफूलाई कुन स्तरमा एक्लो महसूस गर्नुहुन्छ?)





रिफरेन्स:"सन् 2021को मानिसहरूको सम्बन्ध सम्बन्धी आधारभूत सर्वेक्षण (मन्त्रीपरिषद् सचिवालय)” को सर्वेक्षण परिणाम





*”अनुत्तरित” (0.9%) सहितको अनुपात रहेको कुरालाई विचार गर्न आवश्यक

### जापानी भाषा प्रवीणताको आधार (निकालिएको)




## भेदभाव आदिको अनुभव / चाहना

### भेदभाव भोगेको अवस्था




### भेदभाव या मानव अधिकार सम्बन्धी चाहना

| सहभागी हुन मन लाग्छ तर, सहभागी नभएको कारण (n =7,982) | | |
|---|---|---|
| | पहिलो | विदेशी नागरिक र जापानी नागरिकको जान-पहिचान गर्ने अवसर बढाउने (47.6%) |
| | दोस्रो | विद्यालयमा जापानी नागरिकको तुलनामा विदेशी नागरिक सम्बन्धी सही ज्ञान दिएको हेर्न चाहन्छु (44.6%) |
| | तेस्रो | विदेशी नागरिकले भेदभाव भोगेको बेलाको परामर्श प्रणालीलाई अझ अर्थपूर्ण बनाउने (35.4%) |

## सहयोग सम्बन्धी मागहरू *उपल्लो 5 शीर्षकहरू

